# मल्लरानी गाऊपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खलंगा, प्यूठान
५ नं प्रदेश

कृषि शाखा

प.स.
च.न.

मिति :–२०७५/६/२ गते

### मागमा आधारित प्रस्ताबना कार्यक्रम सम्बन्धि सूचना !!!

प्रस्तुत बिषयमा मल्लरानी गाउँपालिका प्यूठानको आ.ब. ०७५/७६ को गाउँसभाबाट पारित स्वीकृत बार्षिक कार्यक्रम अनुसार, कृषि शाखा को **मागमा आधारित प्रस्ताबनामा कार्यक्रम अर्न्तगत** ( तरकारीखेती/ च्याउ खेती /माछापालन/ मौरीपालन/ अन्य कृषिकार्य सम्बन्धि)ब्याबसाय संचालन गर्न ब्याबसायिक कृषक /कृषक समुह/ फर्म/संहकारी सस्था हरुलाई कृषि ब्याबसायिकरणमा टेवा पुराउने उदेश्यले साझेदारी कार्यक्रम संचालन गर्न बढीमा **रु.२५०००.००(अक्षरुपी पच्चिस हजार रुपैया मात्र** )सम्म अनुदान दिने कार्यक्रम रहेकोले सुचना प्रकाशित मिति ले ३५(पैतिस) दिनभित्र तपसिल बमोजिमको प्रकिर्या पुराई प्रस्ताब पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. प्रस्ताबमा पेश गर्ने अन्तिम मिति २०७५ /७/५ गते सम्म हुनेछ ।
२. मल्लरानी गाउँपालिका को कृषि शाखाको ढाँचा अनुरुपको आबेदन रु. १० को टिकट टाँस गरि कृषि सेबाकेन्द्र /सम्पर्ककेन्द्र /सम्बन्धित वडा कार्यालय को सिफारिसमा यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
३.कृषि समुह /फर्म/कृषि सहकारी सस्थाले दर्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।
४.सम्बन्धित ब्याबसायिक कृषक/कृषि समुह/कृषि सहकारी संस्था बाट रु. १००(एक सय रुपैया मात्र) राजस्व दाखिला गरि दोस्रो प्रति बैक भौचर /रसिद पेश गर्नुपर्ने छ ।
५.प्रस्ताब स्वीकृत भैसकेपछि कार्यालयबाट अनुदान प्राप्त हुने रकम बराबरको रकम ब्याबसायिक कृषक/ कृषक समुह /फर्म /सहँकारी /संस्थाले कार्यक्रममा खर्च गर्नुपर्नेछ ।
६.प्रस्ताब आबेदन छनौट गर्दा पिछाडिएका बर्ग तथा बिपन्न बर्गका समुहलाई ,ब्याबसायिक रुपमा खेती गर्ने पकेट क्षेत्रका ब्याबसायिक कृषक/कृषि समुह/ फर्म/कृषि सहकारी संस्थाहरुलाई प्राथामिकता दिइने छ ।
७.प्रस्ताब आबेदनको अन्तिम छनौट गर्दा मल्लरानी गाउकार्यपालिका बाट हुनेछ ।
८.छनौट भएका ब्याबसायिक कृषक/कृषि समुह/कृषि सहकारी संस्थाहरुले तोकिएको कार्य प्रस्ताब बमोजिम यहि आर्थिक बर्ष (०७५/७६) भित्र सम्पन्न गर्नुपर्नेछ ।
९. यस सम्झौतामा उल्लेख भएका शर्तहरु यसै बमोजिम र प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
१० थप जानकारीको लागी मल्लरानी गा.पा.प्यूठान ,र सम्बन्धित वडा कार्यालय सम्पर्क गर्न सकिने छ ।

.............................

**शोभाराम रिजाल**

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

# मल्लरानी गाऊपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खलंगा, प्यूठान
५ नं प्रदेश
कृषि शाखा

प.स.०७५/७६ मिति :–२०७५/६/४ गते
च.न.

### साना मशिनरी यन्त्र (मिनटिलर/थ्रेसर/कर्नसेलर)माग सम्बन्धि सूचना !!!

प्रस्तुत बिषयमा मल्लरानी गाउँपालिका प्यूठानको आ.ब. ०७५/७६ को गाउसभाबाट स्वीकृत बार्षिक कार्यक्रम अनुसार, ब्याबसायिक कृषक /कृषक समुह/फर्म/ संहकारी सस्थाहरुलाई कृषि ब्याबसायिकरणमा टेबा पुराउने उदेश्यले साना मशिनरी यन्त्र (मिनटिलर/थ्रेसर/कर्नसेलर) ५०% अनुदानमा बितरण कार्यक्रम रहेको हुदाँ ब्याबसाहिक कृषक /कृषक समुह/फर्म/ संहकारी सस्थाले मेशिनरी यन्त्रको परल मुल्यको ५०% रकम स्यम बेहोर्ने र ५०% अनुदान रकम यस कार्यालयले बेहोर्ने गरि निबेदन आब्हानको लागी यो सुचना प्रकाशित गरिएको छ

**तपसिल**

१. मशिनरी यन्त्र मागको लागी निबेदन पेश गर्ने अन्तिम मिति २०७५/७/७ गते सम्म हुनेछ ।
२. मल्लरानी गाउँपालिका को कृषि शाखाको ढाँचा अनुरुपको आबेदन रु. १० को टिकट टाँस गरि कृषि सेबाकेन्द्र /सम्पर्ककेन्द्र /सम्बन्धित वडा कार्यालय को सिफारिसमा यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
३.कृषि समुह /कृषि सहकारी सस्थाले दर्ता प्रमाण पत्रको प्रतिलिपी तथा दाखिला रिपोर्ट पेश गर्नुपर्नेछ ।
४.सम्बन्धित ब्याबसायिक कृषक/कृषि समुह/कृषि सहकारी संस्था बाट रु. १००(एक सय रुपैया मात्र) राजस्व दाखिला गरि रसिद पेश गर्नुपर्ने छ ।
५.निबेदन स्वीकृत भैसकेपछि कार्यालयबाट प्राप्त हुने ५० % अनुदान रकम मशिनरी खरिद गरि बिल भरपाई पेश गरि सकेपछि मात्र समन्धित ब्याबसायिक कृषक/ कृषक समुह /फर्म /सहँकारी संस्था/समन्धित समुह सस्था को सिफारिसमा मशिनरी बिक्रेता लाई भुक्तानी दिइने छ ।
६.निबेदन आबेदन छनौट गर्दा ,ब्याबसायिक रुपमा खेती गर्ने पकेट क्षेत्रका ब्याबसायिक कृषक/कृषि समुह/फर्म /कृषि सहकारी संस्थाहरुलाई प्राथामिकता दिइने छ ।
७.निबेदन आबेदनको अन्तिम छनौट गर्दा मल्लरानी गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।
८.छनौट भएका ब्याबसायिक कृषक/कृषि समुह/कृषि सहकारी संस्थाहरुले तोकिएको कार्य सम्झौता बमोजिम यहि आर्थिक बर्ष (०७५/७६)भित्र सम्पन्न गर्नुपर्नेछ ।
९.यस कार्यालयबाट ५०% अनुदानमा बितरण हुने मशिनरी यन्त्र बिक्री बितरण गर्न पाइने छैन /अन्यथा कार्यालय कारबाही गर्न बाध्य हुनेछ ।
१०. यस सम्झौतामा उल्लेख भएका शर्तहरु यसै बमोजिम र प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
११. थप जानकारीको लागी मल्लरानी गा.पा.प्यूठान ,र सम्बन्धित वडा कार्यालय सम्पर्क गर्न सकिने छ ।

....................
**शोभाराम रिजाल**
प्रमुख प्रशासकिय अधिकृत